प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

# डिप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना :** कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न भूमिगत सिंचाइ प्रणाली विकास गरी बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउन र यस मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रममा साना तथा मझौला कृषकहरुलाई लक्षित गरी डिप बोरिङ्ग कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकोले मन्त्रिपरिषदले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "डिप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको डिप वोरिङ्ग निर्माण एवं सञ्चालन गर्न तयार गरिएको स्वीकृत बार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ख) **"डिप बोरिङ्ग"** भन्नाले जमिनको सतहबाट चालिस मिटर वा सो भन्दा बढी गहिराईका ट्यूबवेललाई सम्झनु पर्छ ।

(ग) **"डिप बोरिङ्ग सिंचाइ प्रणाली"** भन्नाले ट्यूबवेलमा जडान भएका पम्प, ओभरहेड ट्यांक, पम्पघर, विद्युतीकरण र पानी वितरण प्रणाली सहितको संरचनालाई सम्झनु पर्छ ।

(घ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(च) **"मुल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ८ अनुसार गठित समिति सम्झनु पर्छ ।

(छ) **"योजना"** भन्नाले डिप बोरिङ्ग सिंचाइ योजनालाई सम्झनु पर्छ।

(ज) **"सम्झौता"** भन्नाले योजना कार्यान्वयनका लागि मन्त्रालय र साझेदार संस्थाबीच भएको सम्झौतालाई सम्झनु पर्छ ।

(झ) **"साझेदार संस्था"** भन्नाले कृषक समूह, कृषि सहकारी, निजि कृषि फर्म, कृषि उद्यमी र उपभोक्ता समिति सम्झनु पर्छ ।

(ञ) **"सिंचित क्षेत्र"** भन्नाले ट्यूबवेल सिंचाइ प्रणालीबाट सिंचाइ हुने क्षेत्रलाई सम्झनु पर्छ ।

(ट) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणमा मद्दत पुर्याउने,

(ख) योजना छनौट र पहिचान गर्दा जनसहभागिता सुनिश्चित गरी योजना संचालनमा प्रभावकारीता ल्याउने,

(ग) कार्य पद्धतिमा एकरुपता तथा पारदर्शिता ल्याई योजनालाई व्यवस्थित ढंगले कार्यान्वयन गर्ने,

(घ) योजना सञ्चालन सुचारु, दिगो एवं प्रभावकारी बनाउन, उपभोक्तामा योजना प्रति अपनत्वको भावना जगाउने,

(ङ) सिंचाइ योजना सञ्चालन क्षमता अभिवृद्धि गरी दिगो एवं भरपर्दो बनाउने ।

## परिच्छेद-२
## योजनाको छनौट तथा कार्यान्वयन सम्बन्धी व्यवस्था

४. **योजना पहिचानको मापदण्डः** योजनाको पहिचानका मापदण्ड देहाय बमोजिम हुनेछनः-

(क) योजनाको सिंचित क्षेत्रफलः भित्री मधेशमा दश हेक्टर वा सोभन्दा बढी हुनु पर्नेछ र पहाडी क्षेत्रको भू-भागमा पाँच हेक्टर वा सोभन्दा बढी हुनु पर्नेछ। तर कृषिको पकेट क्षेत्र तथा विशेष कृषि कार्यक्रम घोषित क्षेत्रको हकमा भित्री मधेशमा न्युनतम पाँच हेक्टर र पहाडी क्षेत्रको भू-भागमा न्युनतम दुई हेक्टरमा पनि योजना सञ्चालन गर्न सकिनेछ ।

(ख) योजना डिप बोरिङ्ग सिंचाइको दृष्टिकोणले सम्भाव्य भएको हुनुपर्नेछ ।

(ग) योजना क्षेत्र सडक सञ्जालसँग जोडिएको हुनुपर्ने छ र पच्चीस हेक्टर भन्दा बढी सिंचित क्षेत्रफल भएका आयोजनाको हकमा बढीमा १.५ कि.मि. भित्र ११ के.वि. विद्युत प्रसारण लाईन भएको हुनुपर्ने छ ।

५. **छनौट सम्बन्धी मापदण्डः** योजनाको छनौटका मापदण्ड देहाय बमोजिम हुनेछनः-

(क) योजना आर्थिक, सामाजिक तथा प्राबिधिक र वातावरणीय दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(ख) योजना माग गर्ने कृषकहरुले योजना सञ्चालन भएपछि एक बाली व्यवसायिक खेती सहित कम्तिमा वार्षिक दुई बाली लगाउने प्रतिवद्धता पनि जनाउनु पर्नेछ ।

(ग) योजनाहरु छनौट गर्दा प्रदेशको भौगोलिक तथा क्षेत्रीय सन्तुलनलाई पनि आधार बनाइने छ ।

(घ) सिंचाइका अन्य वैकल्पिक स्रोत नभएका स्थानलाई प्राथमिकता दिइनेछ ।

(ङ) सतह सिंचाइ प्रणालीको सिंचित क्षेत्रभित्र सिंचाइ सुविधा उपलब्ध हुन नसक्ने वा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुन नसक्ने क्षेत्रभित्र योजना छनौट गर्न सकिने छ ।

(च) मन्त्रालयले तोकेको प्राथमिकता प्रदतत् उत्पादन क्षेत्र, बाली तथा सामुहिक खेति गरिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

६. **<u>योजनाको कार्यान्वयनः</u>** योजनाको कार्यान्वयन देहायको चरणमा सम्पत्र गरिनेछः-

(क) योजना कार्यान्वयनको पहिलो चरणमा डिप बोरिङ्ग निर्माण तथा टेष्टिङ्ग कार्य गरिनेछ ।

(ख) डिप बोरिङ्ग निर्माण तथा टेष्टिङ्ग कार्य पश्चात टेष्ट डाटाका आधारमा अन्य संरचनाहरु (पम्पघर, ओभरहेड ट्याङक, पम्प जडान, विद्युतिकरण तथा वितरण प्रणाली निमार्ण) दोश्रो चरणमा कार्यान्वयन गरिनेछ ।

(ग) योजना कार्यान्वयनको पहिलो चरणको कार्य सम्पन्न भईसकेपछि मात्र दोस्रो चरणको कार्य कार्यान्वयन गरिनेछ ।

७. **<u>कार्यान्वयन प्रक्रियाः</u>** योजनाको माग, पहिचान, छनौट तथा कार्यान्वयनको लागि निम्न प्रक्रियाहरु अवलम्बन गरिनेछः-

(क) यो कार्यक्रम सञ्चालन गर्दा जुन जुन जिल्ला उल्लेख भै प्रस्ताव आव्हान हुन्छ तिनै जिल्ला वा स्थानीय तहहरुमा कार्यक्रम लागू हुनेछ ।

(ख) मन्त्रालयले कृषकहरुलाई योजनाको पहिचान र छनौटको मापदण्ड, योजनाको लागत र अवधि तथा कार्यान्वयन प्रक्रिया जस्ता आधारभूत विषयहरुमा जानकारी गराउनु पर्नेछ।

(ग) डिप बोरिङ्ग संचालन गर्न इच्छुक साझेदार संस्थाले प्रस्ताव पेश गर्न पन्ध्र दिने म्याद दिई राष्ट्रिय पत्रिकामा मन्त्रालयले सुचना प्रकाशन गर्नुपर्नेछ ।

(घ) साझेदार संस्थाले अनुसूची - १ बमोजिमको माग फाराम भरी मन्त्रालयमा निवेदन दर्ता गराउनु पर्नेछ ।

(ङ) साझेदार संस्थाले निवेदनको साथमा कृषकहरुको नाम, ठेगाना, जग्गाको क्षेत्रफल, कित्ता नम्बर वा अन्य विवरण, नागरिकता नम्बर र हस्ताक्षर सहितको अन्य विवरण अनुसूची-२ बमोजिम पेश गर्नु पर्नेछ ।

(च) योजना माग गर्ने साझेदार संस्थाले योजना माग गर्दा प्रतिहेक्टर रु.१०००।– का दरले अग्रिम रकम मन्त्रालयको धरौटी खातामा जम्मा गर्नुपर्नेछ । योजना स्वीकृत नभएमा उक्त रकम साझेदार संस्थालाई फिर्ता गरिने छ र स्वीकृत भएमा योजना सम्पन्न भएपछि योजना सञ्चालन तथा मर्मत सम्भारमा खर्च हुने साझेदार संस्थालाई उपलब्ध गराइनेछ ।

(छ) योजनाको माग फाराम दर्ता भएपछि मन्त्रालयले माग गरिएको क्षेत्रको हाइड्रोजियोलोजिकल अवस्था, आवश्यकता तथा सिंचाइको अन्य वैकल्पिक सम्भाव्यता समेतको आधारमा योजना पहिचान गरिनेछ ।

(ज) पहिचान गरिएका योजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन कार्य यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयको समन्वयमा गर्नेछ । विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (Detail Feasibility Study Report) मा योजनाको आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय अध्ययन समावेश गरिनेछ। प्रतिवेदनमा योजनामा निर्माण गरिने सबै प्रकारका संरचनाहरुको आवश्यक विवरण, ड्इङ्ग तथा डिजाइनहरु पनि समावेश हुनु पर्नेछ । योजनाको विस्तृत सम्भाव्यत अध्ययन प्रतिवेदन अनुसूची - ३ बमोजिम हुनेछ। यसका साथै प्रतिवेदनमा योजनाको कूल लागत, कार्यान्वयन योजना तथा योजनामा उपभोक्ता र मन्त्रालयले व्यहोर्नु पर्ने लागत रकम पनि स्पष्ट रुपले उल्लेख गर्नुपर्ने छ ।

(झ) यस कार्यविधि अनुसार गरिने कार्यका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयले उपलब्ध गराउने छ ।

८. **<u>मूल्याङ्कन समितिः</u>** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रदेश सार्वजनिक खरिद अन्तरिम कार्यविधि, २०७५ मा व्यवस्था भए बमोजिमको मन्त्रालयमा मूल्याङ्कन समिति रहनेछः-

(२) भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयले तोकोको इन्जिनियर विज्ञ रुपमा अनिवार्य रहने छ ।

(३) प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने ।

९. **<u>साझेदार संस्थासँग प्रथम सम्झौताः</u>** प्रस्ताव स्वीकृत भएका साझेदार संस्थासँग मन्त्रालयले अनुसूची-४ बमोजिम योजना कार्यान्वयन तथा संचालनको विषयमा सम्झौता सम्पन्न गरिनेछ ।

१०. **जनसहभागिता परिचालनः** (१) योजना निर्माणमा देहाय अनुसारको रकम उपभोक्ताहरुले व्यहोर्नु पर्नेछः

(क) डिप बोरिङ्ग निर्माणमा लागतको ३ प्रतिशत,

(ख) पम्पघर निर्माणमा लागतको ३ प्रतिशत,

(ग) पम्प खरिद र जडानमा लागतको ३ प्रतिशत,

(घ) ट्रान्सफर्मर सहितको विद्युतीकरणमा लागतको ० प्रतिशत,

(ङ) पानी वितरण प्रणाली निर्माण कार्यमा लागतको ५ प्रतिशत।

(२) उपभोक्ता कृषकहरुले व्यहोर्नु पर्ने जनसहभागितामा नगद वा श्रमदान वा दुवै हुन सक्ने छन् ।

(३) उपदफा(१) बमोजिमको साझेदार संस्थाले व्यहोर्ने रकम बाहेकको बाँकी रकम यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयका इन्जिनियरले तयार गरेको लागत इष्टिमेटका आधारमा मन्त्रालयले सम्बन्धित साझेदार संस्थालाई उपलब्ध गराउने छ।

११. **प्रथम चरणमा हुने निर्माण कार्यः** प्रथम चरणमा हुने निर्माण कार्य साझेदार संस्थाले देहाय बमोजिम गर्नुपर्नेछः-

(क) यस चरणमा स्वीकृत योजना अन्तर्गतको डिप बोरिङ्ग निर्माण कार्य मात्र सम्पन्न गरिनेछ ।योजना संचालन क्षेत्रको भु-भौर्गभिक अवस्था, सिंचाईका लागि आवश्यक पानी तथा कृषकको मागका आधारमा १०"/६", ८"/८" वा ६"/६" साइजका डिप बोरिङ्ग निर्माण गर्नुपर्नेछ ।

(ख) सम्पन्न डिप बोरिङ्गबाट भित्री मधेशमा कम्तिमा १० लि. प्रति सेकेण्ड र पहाडी क्षेत्रमा कम्तिमा ५ लि. प्रति सेकेण्ड डिस्चार्ज भएको डिप बोरिङ्गलाई सफल डिप बोरिङ्ग मानिनेछ ।सोभन्दा कम डिस्चार्ज भएको डिप बोरिङ्गमा पनि पानीको उपलब्धता, सिंचित क्षेत्र र कृषकहरुको मागको आधारमा न्यूनतम थप संरचना निर्माण गरि संचालनमा ल्याउन सकिनेछ ।

(ग) डिप बोरिङ्ग निर्माण कार्यको क्रममा ड्रिलिङ्ग, लगिङ्ग, पाइप लोरिङ्ग, ग्रेभल प्याकिङ्ग, वासिङ्ग, वेल डेभलपमेन्ट र पम्पिङ्ग टेष्ट जस्ता महत्वपूर्ण र संवेदनशील कार्यहरुमा मन्त्रालयले यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयका समन्वयमा सुक्ष्म ढंगले आवश्यक अनुगमन तथा निरीक्षण गर्नेछ ।

(घ) डिप बोरिङ्ग निर्माणको क्रममा logging तथा well design यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयको इन्जिनियरको रोहवरमा मात्र गर्नुपर्नेछ साथै well design मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(ङ) डिप बोरिङ्ग निर्माण काय सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले पम्पिङ्ग टेष्ट सहितको डिप बोरिङ्ग सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ जसमा डिप बोरिङ्गको डिस्चार्ज र ड्रडाउन स्पष्ट उल्लेख हुनुपर्ने छ । प्रतिवेदनमा डिप बोरिङ्ग सफल भए नभएको र त्यसमा दोस्रो चरणको काम गर्ने नगर्ने सम्बन्धमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ ।

(च) प्रथम चरणको कार्य सम्पन्न भै सकै पछि मन्त्रालयले तोकेको प्राविधिकको सिफारिशमा र खर्च भएको बिल समेतलाई आधार मानी स्वीकृत वार्षिक बजेट अनुसार मन्त्रालयले सम्बन्धित साझेदार संस्थालाई अनुदान रकम उपलब्ध गराउने छ ।

१२. <u>दोस्रो चरणमा हुने निर्माण कार्य</u>: दोश्रो चरणमा हुने निर्माण कार्य साझेदार संस्थाले देहाय बमोजिम गर्नुपर्नेछः-

(क) प्रथम चरणमा सम्पन्न कार्य प्रतिवेदनका आधारमा दोस्रो चरणको कार्य गरिनेछ । यस चरणमा ओभरहेड ट्यांक सहितको पम्प खरिद तथा जडान, विद्युतीकरण, पानी वितरण प्रणाली निर्माण तथा योजना हस्तान्तरण लगायतका काम हुनेछन् ।

(ख) साझेदार संस्थाको संलग्नतामा विद्युत प्रसारण लाईन तथा वितरण प्रणालीको रेखाङ्कन गरी निक्यौंल गरी सो साथै अभिलेख र स्थलगत सर्भेक्षणको साथ अनिवार्य रुपले टोपोग्राफिक सर्भे (Topographic Survey) गरी प्रस्तावित आउटलेट भल्भहरु र डिप बोरिङ्ग रहेको स्थानको एकिन गर्नुपर्नेछ ।

(ग) डिप बोरिङ्ग निर्माणको क्रममा logging तथा well design यस. प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयको इन्जिनियरको रोहवरमा मात्र गर्नुपर्नेछ साथै well design मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(घ) स्थलगत सर्भेक्षण तथा पम्पिङ्ग टेष्टले दिएको तथ्याङ्कहरुको आधारमा योजनामा निर्माण हुने ओभरहेड ट्यांक, पम्प र पानी वितरण प्रणालीको आवश्यक डिजाइन तयार गर्नुपर्नेछ।

(ङ) विद्युतीकरण सर्भेक्षण कार्य सम्बन्धित नेपाल विद्युत प्राधिकरणका प्राविधिकबाट गराउनु पर्नेछ।

१३. **संरचना निर्माणको स्वीकृतिः** स्थलगत अनुगमनका आधारमा सम्बन्धित प्राविधिकले तयार गरेको इष्टिमेटको स्वीकृति मन्त्रालयले गर्नेछ र स्वीकृत वार्षिक बजेटको आधारमा साझेदार संस्थालाई मन्त्रालयले अनुदान रकम उपलब्ध गराउनेछ ।

१४. **साझेदार संस्थासँग दोस्रो सम्झौताः** (१) दोस्रो सम्झौता मन्त्रालय र साझेदार संस्थाको बीच अनुसूची-५ अनुसार सम्पन्न गरिने छ ।

(२) सम्झौतामा योजना निर्माण तथा सञ्चालनमा साझेदार संस्था र मन्त्रालयको दायित्व उल्लेख हुनेछन् र दोस्रो चरणमा निर्माण हुने संरचनाहरुमा उपभोक्ताले व्यहोर्नुपर्ने र बाँकी रकम मन्त्रालयले यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयको इन्जिनियरले तयार गरेको लागत इष्टिमेटका आधारमा मन्त्रालयले व्यहोर्ने छ ।

१५. **प्रतिवेदनः** योजना सम्पन्न भइसकेपछि साझेदार संस्थाले योजनाको आर्थिक, प्राविधिक, भौतिक र सामाजिक विवरणहरु स्पष्ट खुल्ने गरी अन्तिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेछ ।

१६. **योजना हस्तान्तरणः** डिप बोरिङ्ग सिंचाइ प्रणाली निर्माण कार्य सम्पन्न पश्चात् मन्त्रालयले सम्बन्धित साझेदार संस्थालाई उक्त डिप बोरिङ्ग सिंचाइ प्रणाली हस्तान्तरण गर्ने पर्नेछ ।योजना हस्तान्तरण पत्र अनुसूची-६ अनुरुप हुनेछ ।

## परिच्छेद-३

## कार्यक्रमको आर्थिक पक्ष

१७. **अन्तिम कार्यको भुक्तानीः** कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदार संस्थाले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई मन्त्रालयले तोकेको प्राविधिकको पुष्ट्याई, measurement sheet र बिलहरुको आधारमा भुक्तानी दिइने छ।

१८. **कन्टिन्जेन्सी** : कार्यक्रम बजेटको तीन प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन लगायत कार्यमा खर्च गर्नेछ ।

## परिच्छेद-४

## योजनाको सञ्चालन तथा विविध

१९. **योजना सञ्चालन तथा मर्मत सम्भारः** उपभोक्तालाई हस्तान्तरण गरिएको योजनाको मर्मत सम्भार, सञ्चालन र सुरक्षाको सम्पूर्ण प्रवन्ध सम्बन्धित साझेदार संस्थाले गर्नेछ ।

२०. <u>अनुगमन तथा मुल्याङ्कनः</u> (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालयले गर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्रहरुले आवश्कताका आधारमा गर्न सक्ने छन् ।यसरी गरिएको अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) यस कार्यक्रमको अनुगमन सम्बन्धित प्रदेश सदस्य र जिल्ला समन्वय समितिले गर्न सक्नेछ ।

२१. <u>कारबाहीको व्यवस्था:</u> साझेदार संस्थाले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा त्यस्ता साझेदारबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

२२. <u>संशोधन</u>: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

२३. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसुची-१

**(दफा ७ को उपदफा (घ) सँग सम्बन्धित)**

**<u>योजनाको माग फारम</u>**

श्री प्रदेश सचिव ज्यू ,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

हेटौंडा, मकवानपुर

विषयः डिप बोरिङ्ग सिंचाइ योजना लागू गरी पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा यस मन्त्रालयबाट सञ्चालन हुने डिप बोरिङ्ग सिंचाइ योजनाको सम्बन्धमा हामीलाई जानकारी हुन आयो । ..................... जिल्लाको ............... म.न.पा./उ.म.न.पा./न.पा./गाँउपालिका वडा नं.......... को हामी सम्पूर्ण उपभोक्ता कृषकहरुको जग्गामा हालसम्म सिंचाइको कुनै पनि सुविधा नभएको/आंशिक रुपमामात्र सिंचाई उपलब्ध हुने भएकोले यस क्षेत्रका हामी सम्पूर्ण कृषकहरुलाई कृषि पेशाबाट आम्दानी गरी जीवन धान्न ज्यादै कठिनाईं भइरहेको छ । यसकारण यस क्षेत्रका...............हेक्टर जमिनका हामी सम्पूर्ण उपभोक्ता कृषकहरु मिली एउटा तदर्थ बोरिङ्ग साझेदार संस्था बनाई बोरिङ्ग सिंचाइ योजना उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेका छौं ।

यसै निवेदनका साथमा हामीले सम्पूर्ण कृषक, नागरिकता, घरपरिवार जग्गा, लागत फाराम पाना ....... र साझेदार संस्थाबाट निर्णय भएको डीप बोरिङ्ग योजनाको मागको निर्णयको प्रतिलिपि पाना........ पनि पेश गरेको व्यहोरा अनुरोध गर्दछौं ।

अध्यक्ष

..................

साझेदार संस्था

साझेदार संस्थाको नामः

ठेगानाः

मितिः

# अनुसुची-२

(दफा ७ को उपदफा (ङ) सँग सम्बन्धित)

## साझेदार संस्थाको सिंचित क्षेत्र लागत फाराम

साझेदार संस्थाको नामः प्रस्तावित सिंचित क्षेत्रः घरधुरी संख्याः

ठेगाना........................ वडा नं....... जनसंख्याः महिलाः पुरुषः

| क. स. | साझेदारको नाम | नागरिकता नं. | जग्गाको क्षेत्रफल | कित्ता नं. | सदस्य संख्या | पुरुष | महिला | मुख्य आय श्रोत | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

साझेदार संस्थाको अध्यक्षको नामः

हस्ताक्षरः

## अनुसुची-३

(दफा ७ को उपदफा (ज) सँग सम्बन्धित)

<u>विस्तृत सम्भाव्यता</u>

**ACKNOWLEDGEMENT, EXESUTIVE SUMMARY, SALIENT FEATURES, MIT CHECK LIST FOR FEASIBILITY TUDY, ACRONOYMS**

**1. INTRODUCTION**

1.1 BACKGROUND

1.2 OBJECTIVES AND SCOPE

1.3 SUB-PROJECT AREA

**2. TECHNICAL ASSESSMENT AND DESIGN**

2.1 WATER RESOURCE ASSESMENT

2.2 CROP WATER REQUIREMENTS

2.3 SURVEY AND INVESTIGATION CONCLUDED

2.4 ENGINEERING SYSTEM DESIGN

**3. AGRICULTURE**

3.1 OPERATIONAL LANDHOLDING AND TENANCY STATUS

3.2 LAND USE

3.3 CROPPING PATTRN, INTENSITY AND CROP YIELD

3.4 FARM INPUTS

3.5 AGRICULTURAL DEVELOPMENT IN THE SUB-PROJECT AREA

3.6 EVALUATION OF AGRICULTURAL BENEFITS

**4. SOCIO ECONOMIC PROFILE**

4.1 DEMOGRAPHIC CHARACTERISTICS

4.2 SOCIAL ORGANIZATION AND WUA

4.3 ECONOMY AND ECONONIC ANALYSIS

4.4 ENVIRONMENTAL ANALYSIS

**5. PROJECT COST AND ECONONIC ANALYSIS**

5.1 ANALYSIS OF RATES

5.2 QUANTITY AND COST ESTIMATE

5.3 ANALYSIS OF COSTS AND BENEFITS

**6. IMPLEMENTATION PLAN**

**7. CONCLUSION AND RECOMMENDATION**

**8. ANNEXES**

## अनुसूची-४

## (दफा ९ सँग सम्बन्धित)

## मन्त्रालय र साझेदार संस्था बीचको प्रथम सम्झौता

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत साना तथा मझौला कृषकहरुलाई लक्षित गरी कार्यविधि र मापदण्ड बनाई डिप बोरिङ्ग सञ्चालन एवं प्रभावकारिता मूल्याङ्कन सम्बन्धी कार्यक्रम संचालनको लागि मिति .......... गतेको .......... राष्ट्रिय दैनिक /स्थानिय साप्ताहिक /स्थानिय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ........................ को प्रस्ताव छनौट भएको हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा (यसपछि प्रथम पक्ष भनिने) र जिल्ला......................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.....................वडा नं........ को श्री.......................................साझेदार संस्था (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल अनुसारको दायित्वहरु निर्वाह गर्ने/गराउने गरी आज मिति.............................मा यो सम्झौता सम्पन्न भएको छ ।

क) साझेदार संस्थाको दायित्वः

१. तपसिलको तालिकामा उल्लेख भए बमोजिम जनसहभागिता (नगद र श्रमदान) वापत् व्यहोर्नु पर्ने अंश साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

२. योजना कार्यान्वयनको लागि आवश्यक पर्ने जमिन साझेदार संस्थाले निशुल्क व्यवस्था गर्नुपर्नेछ ।

३. पहिलो चरणमा योजना अन्तर्गतको डिप बोरिङ्ग निर्माण कार्य र दोस्रो चरणमा पम्प जडान, विद्युतीकरण र पम्पघर तथा पानी वितरण प्रणाली जस्ता निर्माण कार्यहरु सम्पन्न गर्नुपर्नेछ ।

४. योजना कार्यान्वयनको क्रममा उठेको विवादहरुलाई मन्त्रालय र साझेदार संस्थाको संयुक्त टोलीले समाधान गर्नुपर्नेछ ।

५. योजना निर्माण स्थलमा खटिआएका मन्त्रालयका कर्मचारी तथा कामदारहरुलाई साझेदार संस्थाले सहयोग र सुरक्षा गर्नुपर्नेछ ।

६. योजनाको निर्माण कार्य समयमै गुणस्तर ढंगले सम्पन्न गर्न साझेदार संस्थाले छुट्टै अनुगमन निरीक्षण टोली बनाई परिचालन गर्नुपर्नेछ ।

७.योजनाको निर्माण कार्य सम्पन्न भइसकेपछि सो योजनाको परीक्षण गरी साझेदार संस्थाले बुझिलिनु पर्नेछ ।

ख) मन्त्रालयको दायित्वः

१. तपसिलको तालिकामा उल्लेख भए बमोजिम योजनाको लागत खर्चको अंश व्यहोनुपर्ने ।

२.पहिलो चरणमा योजना अन्तर्गतको डिप बोरिङ्ग निर्माण कार्य र दोस्रो चरणमा पम्प जडान, विद्युतीकरण र पम्पघर तथा पानी वितरण प्रणाली जस्ता निर्माण कार्यहरु सम्पन्न गर्नुपर्ने ।

३.योजनामा जनसहभागिता वापत् साझेदार संस्थाले व्यहोर्नुपर्ने नगद तथा श्रमदान लागतको विषयमा मन्त्रालयले साझेदार संस्थालाई समयमै जानकारी गराउनु पर्ने ।

४.योजना निर्माणको क्रममा विशेषतः आउटलेटको संख्या र स्थान, पानी वितरण प्रणालीको लम्बाई तथा विद्युतीकरणको लम्बाईका सम्बन्धमा साझेदार संस्थासँग पारदर्शी रुपमा छलफल गर्नुपर्ने ।

५. निर्माण कार्यको लागत अनुमान फिल्ड सर्भेक्षण पश्चात मन्त्रालयले गर्नेछ र संलग्न BOQ अनुसारको कार्यहरुको भुक्तानी हुने गरी सम्झौता गरिनेछ।

६.अन्तिम परीक्षणपछि योजना साझेदार संस्थालाई लिखित रुपमा हस्तान्तरण गर्नुपर्ने ।

७.हस्तान्तरित योजनाको दिगो व्यवस्थापन, सञ्चालन, मर्मत सम्भार, उपयोग र सुरक्षा जस्तो विषयहरुमा आवश्यक तालिमहरुको व्यवस्था गर्नुपर्ने ।

## तपशिल

## योजना लागत विवरण

| क्र.सं. | निर्माण कार्य | संख्या | कूल लागत(रु.) | मन्त्रालयले व्यहोर्ने | | साझेदार संस्थाको जनसहभागिता | | जनसहभागिता | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (%) | (रु.) | (%) | (रु.) | नगद(रु.) | श्रमदान(रु.) | |
| १. | डिप बोरिङ्ग निर्माण कार्य | | | (९७%) | | (३%) | | | | |
| २. | पम्प र प्यानल बोर्ड जडान कार्य | | | (९७%) | | (३%) | | | | |
| ३. | ट्रान्फर्मर तथा विद्युतीकरण जडान कार्य | | | (१००%) | | (०%) | | | | |
| ४. | पानी वितरण प्रणाली निर्माण | | | (९५%) | | (५%) | | | | |
| ५. | अन्य कार्यहरु | | | | | | | | | |
| ६. | कूल लागत | | | | | | | | | |

## सम्झौतामा हस्ताक्षर गर्नेः

**मन्त्रालयको तर्फबाट**

१.

२.

३.

४.

**साझेदार संस्थाको तर्फबाट**

१.अध्यक्षः

२. उपाध्यक्षः

३. सचिवः

४. कोषाध्यक्षः

अनुसूची-५

(दफा १४ सँग सम्बन्धित)

<u>मन्त्रालय र साझेदार संस्था बिचको दोस्रो सम्झौता</u>

.........................डिप बोरिङ्ग सिंचाइ योजना अन्तर्गतको ...................... डिप बोरिङ्ग सिंचाइ योजना (डिप बोरिङ्ग नं.....) निर्माण कार्य सम्पन्न भइसकेकोले थप संरचनाहरु निर्माण गर्न यस मन्त्रालय ............................ र जिल्ला..................... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा....................वडा नं..........को श्री..................................... साझेदार संस्था बीच तपसिल अनुसारको दायित्वहरु निर्वाह गर्ने/गराउने गरी आज मिति............................मा यो सम्झौता सम्पन्न भएको छ ।

क) <u>साझेदार संस्थाको दायित्वः</u>

१. तपसिलको तालिकामा उल्लेख भए बमोजिम जनसहभागिता (नगद र श्रमदान) वापत् व्यहोर्नू पर्ने अंश साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

२. दोस्रो चरणमा पम्प जडान, विद्युतीकरण र पम्पघर तथा पानी वितरण प्रणाली जस्ता निर्माण कार्यहरु सम्पन्न गर्नुपर्नेछ।

३. योजना कार्यान्वयनको लागि आवश्यक पर्ने जमिन साझेदार संस्थाले निशुल्क व्यवस्था गर्नुपर्नेछ ।

४. योजना कार्यान्वयनको क्रममा उठेको विवादहरुलाई मन्त्रालय र साझेदार सस्थाको संयुक्त टोलीले समाधान गर्नुपर्नेछ ।

५. योजना निर्माण स्थलमा खटिआएका मन्त्रालयका कर्मचारी तथा कामदारहरुलाई साझेदार संस्था हरुले सहयोग र सुरक्षा गर्नुपर्नेछ ।

५. निर्माण कार्य सम्पन्न भइसकेपछि योजनाको अन्तिम परीक्षणको व्यवस्था गर्नुपर्नेछ।

६. योजनाको निर्माण कार्य समयमै गुणस्तर ढंगले सम्पन्न गर्न उपभोक्ता संस्थाले छुट्टै अनुगमन निरीक्षण टोली बनाई परिचालन गर्नुपर्नेछ ।

७. योजनाको निर्माण कार्य सम्पन्न भइसकेपछि सो योजनाको परीक्षण गरी साझेदार संस्थाले बुझिलिनु पर्नेछ ।

ख) <u>मन्त्रालयको दायित्वः</u>

१. तपसिलको तालिकामा उल्लेख भए बमोजिम योजनाको लागत खर्चको अंश व्यहोनुपर्नेछ ।

२. योजनामा जनसहभागिता वापत् उपभोक्ता कृषकहरुले व्यहोर्नुपर्ने नगद तथा श्रमदान लागतको विषयमा मन्त्रालयले साझेदार संस्थालाई समयमै जानकारी गराउनु पर्नेछ ।

३. योजना निर्माणको क्रममा विशेषतः आउटलेटको संख्या र स्थान, पानी वितरण प्रणालीको लम्बाई तथा विद्युतीकरणको लम्बाईका सम्बन्धमा साझेदार संस्थासँग पारदर्शी रुपमा छलफल गर्नुपर्नेछ ।

४. निर्माण कार्यको लागत अनुमान फिल्ड सर्भेक्षण पश्चात मन्त्रालयले गर्नेछ र संलग्न BOQ अनुसारको कार्यहरुको भुक्तानी हुने गरी सम्झौता गरिनेछ।

५. अन्तिम परीक्षणपछि योजना साझेदार संस्थालाई लिखित रुपमा हस्तान्तरण गर्नुपर्नेछ ।

६. हस्तान्तरित योजनाको दिगो व्यवस्थापन, सञ्चालन, मर्मत सम्भार, उपयोग र सुरक्षा जस्तो विषयहरुमा आवश्यक तालिमहरुको व्यवस्था गर्नुपर्नेछ ।

## तपशिल

## योजना लागत विवरण (दोस्रो चरण)

| क.सं. | निर्माण कार्य | संख्या | कूल लागत(रु.) | मन्त्रालयले व्यहोर्ने लागत | | साझेदार संस्थाको जनसहभागिता | | जनसहभागिता | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (%) | (रु.) | (%) | (रु.) | नगद(रु.) | श्रमदान(रु.) | |
| १. | पम्प घर निर्माण कार्य | | | (९७%) | | (३%) | | | | |
| २. | पम्प र प्यानल बोर्ड जडान कार्य | | | (९७%) | | (३%) | | | | |
| ३. | ट्रान्फर्मर तथा विद्युतीकरण जडन कार्य | | | (१००%) | | (०%) | | | | |
| ४. | पानी वितरण प्रणाली निर्माण | | | (९५%) | | (५%) | | | | |
| ५. | अन्य कार्यहरु | | | | | | | | | |
| ६. | कूल लागत | | | | | | | | | |

**सम्झौतामा हस्ताक्षर गर्नेः**

**मन्त्रालयको तर्फबाट**

१.

२.

३.

४.

**साझेदार संस्थाको तर्फबाट**

१.अध्यक्षः

२. उपाध्यक्षः

३. सचिवः

४. कोषाध्यक्षः

अनुसूची ६

(दफा १६ संग सम्बन्धित)

**योजना हस्तान्तरण पत्र**

प्रदेश सरकार

प्रदेश नं.३

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

हेटौडा, मकवानपुर ।

उपरोक्त सम्बन्धमा जिल्ला...............म.न.पा./उ.म.न.पा./न.पा./गा.पा...............वडा नं.......को श्री.......................... साझेदार संस्था अन्तर्गतको .....................डिप बोरिङ्ग सिंचाई प्रणाली निर्माण कार्य सम्पन्न भइसकेको छ । मिति.........................मा ..............मन्त्रालय र ........... साझेदार संस्थाको संयुक्त टोलीबाट डिप बोरिङ्ग सिंचाई प्रणालीको अन्तिम परीक्षण सम्पन्न भइसकेको हुनाले..................... साझेदार संस्थाले आफैले संचालन तथा मर्मत संभार र उपभोग गर्ने गरी आज मिति......................का दिन बुझिलिएका छौं ।

| **बुझाउनेः** | **बुझिलिनेः** | **रोहवरः** |
|---|---|---|
| | ........... साझेदार संस्था | |
| १. | १.अध्यक्ष | १. |
| २. | २.उपाध्यक्ष | २. |
| | ३.सचिवः | |
| | ४.कोषाध्यक्षः | |